यो आकाशवाणी हो ।

मुख्य समाचार।

- प्रधानमन्त्रीले स्वतन्त्रता सेनानीहरूलाई दिनुभयो श्रद्धान्जली
- दिल्ली विधानसभाको बजेट सत्र भोली देखी शुरू हुने
- भारत विश्वको पाँचौँ सबैभन्दा ठूलो अर्थव्यवस्था भएको देश
- दक्षिण कोरियाको जङ्गलहरूमा भीषण आगोका कारण आपत स्थिति घोषणा , अनि
- . सागर बालासाहेब कटले-ले जिते दस **मीटर एयर राइफल प्रोन मिक्स् एस.एच-1 श्रेणीमा** स्वर्ण पदक

**अब समाचार विस्तारमा।**

**प्रधानमंत्री - शहीद दिवस-लोहिया-श्रद्धांजलि**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज **शहीद दिवसमा** स्वतन्त्रता सेनानीहरू- भगत सिंह, सुखदेव र राजगुरुलाई श्रद्धांजलि दिनुभयो । सोशल मीडियामा एउटा भिडियो साझा गर्दै श्री मोदीले यी क्रान्तीकारीहरूको सर्वोच्च बलिदानलाई स्मरण गर्नुभयो । उहाँले भन्नुभयो, स्वतन्त्रता र न्यायका लागि क्रान्तीकारीहरूको अदम्य साहस र सर्वोच्च बलिदानले देशवासीलाई प्रेरित गरिरहन्छ। श्री मोदीले सामाजिक न्यायको प्रबल समर्थक र महान स्वतंत्रता सेनानी, डाक्टर राम **मनोहर लोहियाको** जयन्तीमा पनि उहाँलाई श्रद्धान्जली दिनुभयो । सोशल मीडिया पोस्टमा प्रधानमन्त्रीले डा. लोहियालाई दूरदर्शी नेता बताउनुभयो। श्री मोदीले भन्नुभयो, डाक्टर लोहियाले आफ्नो जीवन वन्चीतहरूलाई सशक्त बनाउन र एउटा बलियो भारतको निर्माणका लागि समर्पित गर्नुभयो । उहाँले भन्नुभयो ..byte

1

## दिल्ली विधानसभा

दिल्ली विधानसभाको बजेट सत्र भोली देखी शुरू हुनेछ। यो सत्र अठाइस मार्च सम्म चल्नेछ जसलाई अझै अघी पनि बढाइन सकिन्छ। दिल्ली परिवहन निगमको कामकाजमा सी.ए.जी- को रिपोर्ट सोमवार सदनमा पेश गरिनेछ। बजेट मंगलवार पेश गरिनेछ र त्यस बारे छब्बीस मार्चमा चर्चा हुनेछ। सत्रमा, प्रमुख वित्तीय र नीतिगत मामिलामा पनि चर्चा गरिनेछ।

## संशो. विदेश मंत्री - ऊर्जा

विदेश मन्त्री श्री सुब्रह्मण्यम् जयशंकरले भन्नुभयो, भारत विश्वको पाँचौं सबैभन्दा ठूलो अर्थव्यवस्था भएको देश हो र यसलाई ऊर्जाको क्षेत्रमा व्यापक सम्बन्धमा विकसित गर्नुपर्छ। हिजो मुम्बईमा मीडियाको एउटा कार्यक्रममा उहाँले भन्नुभयो , वैश्वीकरणको तमाम फायदाको कुरा सुनेपछि , आज विश्वमा औद्योगिक नीतीहरूको सच्चाई, निर्यातमा नियन्त्रण तथा शुल्कलाई लिएर स्पर्धाको स्थिति सबैको सामु छ। डाक्टर जयशकरले भन्नुभयो , आउने देशका लागि ऊर्जा सुरक्षा सुनिश्चित गर्नु भारतको कूटनीतिको एक प्रमुख उद्देश्य हो। उहाँले भन्नुभयो, यस्तो परिस्थितीमा, लाभकारी स्थितिको पहिचान गर्नु र त्यसलाई अपनाउनु ज़रूरी छ। विदेश मन्त्रीले भन्नुभयो, **सबका साथ सबका विकास –को** विचार हाम्रो विदेश नीति संग पनि जोड़ीएको छ। उहाँले भन्नुभयो

**आरएसएस-शताब्दी वर्ष**

राष्ट्रीय स्वयं सेवक संघले यो वर्ष आफ्नो स्थापनाको एक सय वर्ष पूरा हुने उपलक्ष्यमा, **केही आउटरीच** कार्यक्रमको योजना बनाएको छ। संघका महासचिव श्री **दत्तात्रेय होसबोले-**ले आज बेंगलुरुमा संघको अखिल भारतीय प्रतिनिधि सभाको तीन दिनको बैठक पछि भन्नुभयो, यस अवसरमा कुनै औपचारिक समारोह हुनेछैन, किनभने यो वर्ष विजयादशमीमा केही आउटरीच कार्यक्रम शुरू गरिनेछ । उहाँले भन्नुभयो, यस कार्यक्रमका मध्यमले सामाजिक भागीदारीलाई प्रोत्साहित गरिनेछ। उहाँले बताउनुभयो, सामाजिक सद्भाव र राष्ट्रीय एकतालाई बढ़ावा दिनका लागि मण्डल र बस्ती स्तरमा जन सम्पर्क कार्यक्रम पनि चलाइने छ । **औरङ्गजेब** विवादको सम्बन्धमा श्री होसबाले-ले भन्नुभयो, औरङ्गजेबले भारतीय लोकाचार र सांस्कृतिक मूल्यको प्रतिनिधित्व गर्दैन ।

**हमास नेता- हत्या**

गाजाको, खान यूनिसमा Israeli हवाई हमलामा हमासका राजनीतिक नेता श्री सलाह अल- Bardawil को मृत्यु भएको छ । हमास र फलिस्तीनी मीडियाको रिपोर्ट अनुसार, दक्षिणी गाजा पट्टीमा श्री Bardawil लाई निशाना बनाएर हमला गरिएको थियो, यस हमलामा उहाँकी पत्नीको पनि मृत्यु भयो । यसै बीच, हिजो बिहान दखी विभिन्न क्षेत्रमा इस्राइली हवाई हमलामा बतीस फलिस्तीनी मारिए। इस्राइलको गाजामा ठूलो मात्रामा हमला फेरी शुरू गरिएको छ । इस्राइलले हमासमा उन्नाइस जनवरीदेख लागू संघर्ष विराम समझौताबाट

हट्ने आरोप लगायो , तब, इस्राइली हमलामा हमासका केही उच्च पदस्थ अधिकारी मारिए, जसमा हमासका प्रमुख श्री **एसाम अडालीस** र आन्तरिक सुरक्षाका प्रमुख श्री **महमूद अबू वत्फा** शामिल हुनुहुन्छ ।

**समाचार आकाशवाणीबाट सुन्नुहुँदैछ।**

Gong 1

**दिल्ली-नशा जागरूकता कार्यक्रम**

Anti Narcotics Task Force, दिल्ली पुलिसको अपराध शाखा र नारकोटिक्स कन्ट्रोल ब्यूरो- एन.सी.बी द्वारा नशालु पदार्थको अवैध तस्करीका विरूद्ध एउटा संयुक्त अभियान चलाइदैछ। । यसमा Dog squad को उपयोग गरेर **सन्दीग्ध** स्थान र सार्वजनिक **हटस्पोटमा** औचक निरीक्षणमा ध्यान केन्द्रित गरिदैछ। दिल्ली पुलिसले बताए अनुसार , नशालु पदार्थ प्रति आफ्नो शून्य-**सहिष्णुता** दृष्टिकोण दर्शाउदै एन.सी.बी-को सहयोगले नशालु दवाईहरू सम्बन्धीत अपराधलाई खतम गर्नका लागि प्रतिबद्ध छ ।

**दक्षिण कोरिया जंगल आग**

दक्षिण कोरियाको जङ्गलहरूमा भीषण आगोका कारण आपत स्थिति घोषणा गरिएको छ। यो आगो दक्षिण-पूर्वका क्षेत्रका जङ्गलहरूमा लागेको छ जसमा कम्तीमा चार व्यक्तिको मृत्यु भएको छ र ठूलो क्षति भएको छ। यो आगो उत्तर र दक्षिण **ग्योङ्ग साँग** प्रान्तहरू र दक्षिण-पूर्वी

शहर उल्सानमा लागेको छ। आगोका कारण उल्सान र बुसानको बीचको एक प्रमुख मार्गसहित देशको दक्षिण-पूर्वमा धेरै राजमार्ग बन्द भएका छन्। धेरै **अग्निशमक** गाडी र सयौं अधिकारी आगो निभाउनमा जुटेका छन्।

**जम्मू-कश्मीर- आतंकवादी**

सुरक्षा बलले आज जम्मू-कश्मीरको डोडा जिलाको दूर-दराजको जंगलमा आज आतङ्कवादीहरूको एउटा ठेगानाको पत्तो लगाए । आकाशवाणीको जम्मू संवाददाताले खबर दिए अनुसार , जिलाको **भद्रवाहमा भालरा** वन क्षेत्रमा सेना र स्थानीय पुलिसको विशेष अभियान दललाई एउटा संयुक्त खोज अभियानमा यस ठेगानाको पत्तो लाग्यो । यस ठेगाना देखी एउटा पेस्तोल, **तीन मैगजीन** र **छह कारतूस तथा ए.के. असाल्ट राईफलको** पचीस गोलीहरू फेला पारिएको छ। यस मामिलामा अहिले सम्म कसैको गिरफ्तारी भएको छैन ।यस बीच अधिकारीहरूले बताए, पुलिस, सेना र केन्द्रीय रिजर्व पुलिस बल का एउटा संयुक्त खोजी अभियान किश्तवाड जिलादेखी सटे **गुरीनाल, थाथरी** र **चतरू** वन क्षेत्रमा चलिरहेको छ।

**पैरा गेम्स- शूटिंग**

नयाँ दिल्लीमा खेलो इण्डिया पेरा गेम्समा निशानेबाजी प्रतियोगितामा आज सागर बालासाहेब कटले-ले दस **मीटर एयर राइफल प्रोन मिक्स् एस.एच-1 श्रेणीमा** स्वर्ण पदक जीते। मोना अग्रवालले रजत पदक र दीपक सैनीले कांस्य पदक हासिल गरे । मोना अग्रवालले आकाशवाणीलाई बताए अनुसार यो टूर्नामेन्टले देशका युवा प्रतिभालाई चिन्नमा महत्वपूर्ण भूमिका निभाएको छ। Paralympics स्वर्ण पदक विजेता अवनि लेखराले हिजो महिलाको

दस  मीटर एयर राइफल standing एस.एच-1 श्रेणीमा शीर्ष स्थान हासिल गरिन् ।

अनत्यमा मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले स्वतन्त्रता सेनानीहरूलाई  दिनुभयो श्रद्धान्जली
- दिल्ली विधानसभाको बजेट सत्र भोली देखी शुरू  हुने
- भारत विश्वको पाँचौं सबैभन्दा ठूलो अर्थव्यवस्था भएको देश
- दक्षिण कोरियाको  जङ्गलहरूमा भीषण आगोका कारण आपत स्थिति घोषणा , अनि
- . सागर बालासाहेब कटले- ले जिते  दस मीटर एयर राइफल प्रोन मिक्स् एस.एच-1 श्रेणीमा स्वर्ण पदक ।